Reg. No. 040830001182
Tax ID No. 84-1655629

# Langhali Association USA, Inc.

**(*Creating a Sense of Shared Responsibilities towards the Magar Community!*)**

Central Office
New York

मितिः २०६५ । ८ । २२

श्रीमान् अध्यक्ष ज्यू,
यू.एस.नेपाल मिडिया सेन्टर,
न्यूयोर्क ।

## शुभकामना सन्देश

यू.एस.नेपाल अनलाईन डट कम अर्थात यू.एस.नेपाल मिडिया सेन्टरले आफ्नो स्थापनाकालको प्रथम वर्ष भव्यताकासाथ आज (डिसेम्बर ७, २००८) मा मनाउन गइरहेको थाहा पाउँदा हामीलाई अत्यन्तै खुशी लागेको छ ।

अप्रिल २५, १९४७ मा नेपाल यू.एस. बीच दौत्य सम्वन्ध स्थापना भए पश्चात र विशेष गरेर ९० को दशकदेखि यू.एस.मा नेपालीहरुको संख्या दिन प्रतिदिन बढ्दै गइरहेको अवस्थामा नेपाल र अमेरिकामा रहेका नेपालीहरुको समाचार निष्पक्ष र भरपर्दो रुपमा प्रकाशन गर्ने माध्यमको अभावलाई यस यू.एस.नेपाल अनलाईन डट कमले पूरा गरेको बलियो प्रमाण गएको एक वर्षको छोटो अवधिमा यसले प्रमाणित गरेको सर्वविदितै छ ।

नेपाली आदिवासीहरुको हक र अधिकारको विषयमा समाचार प्रकाशन गर्न अन्य मिडिया हाउसहरुले कन्जुस्याईं गरिरहेको यस अवस्थामा आफ्नो Slogan मा उल्लेख गरेझैं यू.एस.नेपाल अनलाईन डट कम साँच्चैकै अर्थमा विश्वमा छरिएर रहेका नेपाली आदिवासीहरुको निमित्त Voice for Voiceless सावित भएको छ ।

नयाँ नेपालको संविधान निर्माण गर्ने प्रक्रियामा राज्य जुटिरहेका इतिहासको यस महोत्वपूर्ण घडीमा Ethnicity based Federalism को पक्षमा यू.एस.नेपाल अनलाईन डट कमले सशक्तपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

अन्तमा, Voiceless हरुको Voice लाई आगामी दिनहरुमा अझै बुलन्द गर्दै जाओस् भन्ने कामनाकासाथ आफ्नो स्थापनाकालको प्रथम वर्ष सफलताकासाथ पूरा गरेकोमा यू.एस.नेपाल अनलाईन डट कम परिवारलाई हार्दिक बधाई ज्ञापन गर्दछौं ।

धन्यवाद !!!

महेन्द्र कु. थापामगर
अध्यक्ष
लाङ्घाली परिवार यू.एस.ए.

The Secretariat, Tel: 1 (646) 912-0745, Fax: 1 (718) 478-8762
E-mail: info@magarusa.org, Website: www.magarusa.org
Mailing Address: PO Box 3620324, New York, NY 10129, USA